# कुशे गाउँपालिका
# कार्यपालिकाको कार्यालय
थर्पु भार्मा , जाजरकोट
कर्णाली प्रदेश, नेपाल
२०७३


पत्र संख्या : ०७९/०८०  मिति : २०७९/०५/०१
चलानी नं. :

---

**यस कार्यालयबाट आ.व. ०७९।८० हुने खरिद कार्यमा सहभागि हुन सूचिकृत हुने सुचना**
**(प्रथम पटक प्रकाशित मिति २०७९।०५।०१)**

सार्वजनिक खरिद ऐन २०६३, दफा ६ क तथा नियमावली,२०६४ को नियम १८ बमोजिम सार्वजिाीक निकायको खरिद सम्बन्धी कार्यका लागि सम्बन्धित कार्यालयले त्यस्तो खरिद प्रकृति अनुसार आपूर्तिकर्ता,निमार्ण व्यवसायी, परामर्शदाता,गैर सरकारी संस्था वा सेवा प्रदायकको छुट्टा छुट्टै सूची तयार गर्ने व्यवस्था बमोजिम यस कार्यालयबाट आ.ब.०७९।०८० मा हुने विभिन्न खरिद सम्बन्धी कामकारवाहीमा संलग्न हुने इच्छुक योग्य फर्म,संघ संस्था वा व्यक्तिहरुलाई सार्वजनिक खरिद नियमावली २०६४ को अनुसुचि २ क बमोजिमको ढाँचामा आफुले सूचिकृत हुन चाहेको समुह र मूल्य सुचि समेत स्पष्ट खोली यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र देहायका शर्तहरुको अधिनमा रही यस कार्यालयमा आवेदन गर्नु हुन सुचित गरिएको छ ।

**१) आवेदनसाथ निम्नानुसारका कागजातका प्रतिलिपिहरु १।१ प्रति संलग्न गरेको हुनु पर्नेछ ।**

क) आफनो फर्म दर्ता वा सम्बन्धित व्यवसाय वा सेवा गर्नप्राप्त नविकरण भएको इजाजतपत्र

ख) मूल्य अभिवृद्धि करमा दर्ता प्रमाणपत्र वा स्थायी लेखा नम्बर दर्ता प्रमाण पत्र,

ग) प्रचलित कानुन बमोजिम नेपाल सरकारलाई तिर्नु बुझाउनु पर्ने अघिल्लो आ.व. सम्मको कर चुक्ता गरेको प्रमाण पत्र

घ) व्यक्तिको हकमा नागरिकताको प्रमाणपत्र

ङ) नेपाल बाहिर दर्ता भएका संघ संस्थाहरु वा नागरिकताको हकमा नेपाल भित्र कारोबार गर्न पाएको स्वीकृत वा इजाजत पत्र

च) सुचिकृत हुन चाहेको समुहको कार्यसम्पादन गर्न योग्य र सक्षम रहेको व्यहोरा खुल्ने कागजात वा प्रमाण

२) यस बमोजिम सुचिकृत हुदैमा कुनै फर्म संघ,संस्था वा व्यक्ति कुनै सार्वजनिक निकायले सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम तोकेको योग्यता पुरा नगरी खरिद सम्बन्धि कारवाहीमा सहभागी हुन सक्ने छैन ।

३) मौजुदा सूचिमा सूचिकृत भएकाहरु मध्ये कार्यालयले आफनो अनुकुल हुने गरी खरिद कार्यमा सहभागी गराउन सक्नेछ ।

४)यस सूचनामा नपरेका अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन तथा नियमावली र प्रचलित आर्थिक प्रशासन सम्बन्धि कानुन बमोजिम हुनेछ ।

नि.प्रमुख प्रशासकिय अधिकृत

नि.प्रमुख प्रशासकीय अधिकृत


☎९७५८००३२००, ९७५८००३२०२
E-mail: kusheruralmunicipality@gmail.com